## सूर्योदय नगरपालिकाको आय ठेक्का व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०५।१२

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको आय ठेक्का व्यवस्थापन कार्यविधि, २०८१ लाई समय सापेक्ष परिमार्जन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १३८ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगरपालिका, नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "सूर्योदय नगरपालिकाको आय ठेक्का व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०८२" रहने छ।

(२) यो कार्यविधि सूर्योदय राजपत्रमा प्रकाशन भएपश्चात् प्रारम्भ हुनेछ।

२. **दफा ३ मा संशोधन:** (१) मूल कार्यविधिको दफा ३ को उपदफा (४) हटाइएको छ।

(२) मूल कार्यविधिको दफा ३ को उपदफा (५) को खण्ड (घ) मा देहाय बमोजिम संशोधन गरिएको छ।

देहाय:

"(घ) उपदफा (५) (ग) बमोजिम ठेक्का आव्हान गर्दा सिलबन्दी दरभाउपत्रको हकमा स्थानीयस्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा कार्यालयको सूचना पाटी वा कार्यालयको वेबसाइटमा १५ (पन्ध्र) दिनको म्याद तथा सिलबन्दी बोलपत्रको हकमा स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रिय स्तरको पत्रिकामा ३० (तीस) दिनको म्याद दिई अनुसूची २ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा सबैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गर्नु पर्नेछ। त्यस्तो सूचना कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।"

(३) मूल कार्यविधिको दफा ३ को उपदफा (७) पछि देहाय बमोजिमको उपदफा (८) थप गर्ने।

देहाय:

"(८) दोश्रो पटक आय ठेक्का आव्हान गर्दा पनि कुनै प्रस्ताव प्राप्त हुन नसकेमा राजश्व परामर्श समितिको राय बमोजिम अमानत मार्फत कुनै संस्था वा व्यक्तिसँग कार्यालयले निर्धारण गरेको न्यूनतम कबोल रकम नघट्ने गरि ठेक्का सम्झौता गर्न कुनै बाधा पर्ने छैन।"

३. **दफा ५ मा संशोधन:** (१) मूल कार्यविधिको दफा ५ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहाय बमोजिमको खण्ड (ख) राख्ने।

देहाय:

"(ख) कुनै पनि सिलबन्दी दरभाउपत्र/बोलपत्र पेस नभएमा वा,"

(२) मूल कार्यविधिको दफा ५ को उपदफा (१) को खण्ड (ग) लाई देहाय बमोजिम संशोधन गर्ने

देहाय:

"(ग) पेस भएका सिलबन्दी दरभाउपत्रहरु दफा ७ बमोजिमको मूल्याङ्कनमा असफल भएमा वा,"

(३) मूल कार्यविधिको दफा ५ को उपदफा (१) को खण्ड (घ) लाइ हटाइएको छ।

४. **दफा ७ मा संशोधन:** (१) मूल कार्यविधिको दफा ७ को उपदफा (१) को खण्ड (घ) मा देहायबमोजिमको संशोधन गरिएको छ।

देहाय:

"(घ) ठेक्का प्रस्तावदाताले कार्यालयले तोकेको न्यूनतम कबोल अङ्कको कम्तीमा (२-३) प्रतिशत रकम बराबरको सूचना उल्लेख भए बमोजिमको धरौटी रकमको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट सूर्योदय नगरपालिकाको नाममा जारी गरिएको तोकिएको मान्य अवधि भएको बैंक जमानत (बिडबंड) पेस भएको हुनु पर्नेछ।"

(२) मूल कार्यविधिको दफा ७ को उपदफा (५) मा देहाय बमोजिमको संशोधन गरिएको छ।

देहाय

"(५) बोलपत्र मूल्याङ्कन समितिले उल्लिखित मूल्याङ्कनमा सफल प्रस्तावहरूको आर्थिक प्रस्ताव मूल्याङ्कन गरी सबैभन्दा बढी कबोल गर्ने ठेक्का प्रस्तावदाताको दरभाउपत्र / बोलपत्र छनौट गरी आय ठेक्का व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्नु पर्नेछ।"

५. **दफा ९ मा संशोधन:** (१) मूल कार्यविधिको दफा ९ को उपदफा (३) मा देहाय बमोजिमको संशोधन गरिएको छ।

देहाय:

"(३) उपदफा (२) बमोजिम जारी भएको सूचनाको म्यादमा ठेक्का प्रस्तावदाता वा डाँकवाला हाजिर भई कबुलियत / सम्झौता गर्न मञ्जुर गरेमा निजबाट तुरुन्त कबुलियत / सम्झौता गराई निजलाई कार्यादेश वा पट्टा वा चलन पुर्जी दिनुपर्नेछ। त्यस्तो ठेक्का प्रस्तावदाता वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुलबमोजिम कबुलियत / सम्झौता गर्न मञ्जुर नगरेमा निजको धरौटी जफत गरि कालोसूचीमा राख्नको लागि नगर कार्यपालिकाको बैठकलाई लेखि पठाएर निज पछिको क्रम अनुसार दोस्रो, तेस्रो ठेक्का प्रस्तावदाता वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नुपर्नेछ।"

(२) मूल कार्यविधिको दफा ९ को उपदफा (६) मा देहाय बमोजिमको संशोधन गरिएको छ।

देहाय:

"(६) ठेक्का वा डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र ठेक्का वा डाँकवालाले कार्यादेश नलिएमा वा चलन पुर्जी नलिएमा वा पट्टा नउठाएमा निजले उपदफा (५) बमोजिम राखेको धरौटी रकम वा जमानत बापतको रकम वा बैङ्क ग्यारेन्टी जफत गर्नुपर्नेछ र कालोसूचिमा राख्नको लागि नगर कार्यपालिकाको कार्यालयलाई लेखी पठाउनुपर्नेछ।"

(३) मूल कार्यविधिको दफा ९ को उपदफा (६) पछि देहाय बमोजिमको उपदफा (७) थप गरिएको छ।

"(७) उपदफा (२) बमोजिम ठेक्का प्रस्तावदाता वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत / सम्झौता गर्न मञ्जुर नगरेमा निजको धरौटी जफत गरी (१-३) वर्ष सम्म कालोसूचीमा राख्न नगर कार्यपालिकाले निर्णय गर्न सक्नेछ।"

६. **दफा १० मा संशोधन:** मूल कार्यविधिको दफा १० को उपदफा (४) मा देहाय बमोजिमको संशोधन गरिएको छ।

देहाय:

"(४) ठेक्का प्रस्तावदाता वा डाँकवालाले पहिलो किस्ताबापतको रकम ढिलोमा चालु आ.व. को कार्तिक मसान्त भित्र, दोस्रो किस्ताबापतको रकम ढिलोमा चालु आ.व. को फाल्गुण मसान्तभित्र तथा तेश्रो तथा अन्तिम किस्ताबापतको रकम ढिलोमा चालु आ.व. को आषाढ १५ गते भित्रमा अनिवार्य जम्मा गरी सक्नुपर्नेछ । साथै  दुई वर्षे ठेक्काको हकमा जम्मा कबोल अङ्कको ४० (चालीस) प्रतिशत रकम सम्झौताको बखत जम्मा गर्नु पर्ने र बाँकी ३० (तीस) प्रतिशत रकम सम्झौताको मिति बाट ८ (आठ) महिना भित्र बुझाउनु पर्नेछ तथा बाँकी ३० (तीस) प्रतिशत रकम सम्झौताको अवधि बाट १६ (सोह्र) महिना भित्र बुझाइ सक्नु पर्नेछ। त्यसरी किस्ताको रकम बुझाउँदा सम्झौताको बखत बाँकी ६० (साठ्ठी) प्रतिशत रकम बराबरको कार्यसम्पादनको जमानत पेस गर्नु पर्नेछ, जसको अवधि सम्झौताको मितिबाट न्यूनतम १७ (सत्र) महिना सम्मको हुनु पर्नेछ। उल्लिखित तोकिएको अवधि भन्दा १५ दिन ढिलो गरी किस्ता जम्मा गरेको भएमा थप ५% जरिवाना समेत असुल गरिनेछ। उल्लिखित अवधि भन्दा १५ दिन पछाडिसम्म समेत किस्ता जम्मा नगरेमा / नभएमा आवश्यक कारबाहीको लागि कार्यपालिकामा पेस गरिनेछ।"

७. **दफा ११ मा संशोधन:** मूल कार्यविधिको दफा ११ को उपदफा (३) मा देहाय बमोजिमको संशोधन गरिएको छ।

देहाय:

"(३) उल्लिखित क्रियाकलाप उपदफा (२) मा भन्दा बढी पटक दोहोरिएमा त्यस्तो ठेक्कादाताको ठेक्का तोडी धरौटी जफत गरिनेछ। यसरी धरौटी जफत गरी नयाँ ठेक्का बन्दोबस्त गर्दा साबिकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का बन्दोबस्त गर्दा लागेको रकम असुलउपर नभएमा सरकारी बाँकी सरह असुलउपर गरी निजलाई १ देखी ३ वर्ष सम्म कालोसूचीमा राख्न नगर कार्यपालिकालाई निर्णय गर्न अनुरोध गरिनेछ। साथै अन्य स्थानीय तहहरू र व्यवसाय दर्ता वा इजाजत पत्र दिने कार्यालयलाई समेत जानकारी दिइनेछ।"

८. **दफा १३ मा संशोधन:** मूल कार्यविधिको दफा १३ को उपदफा (२) मा देहाय बमोजिमको संशोधन गरिएको छ।

देहाय:

"(२) तर, उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अचल सम्पत्ति बिक्री गर्दा नगर कार्यपालिकाको निर्णयानुसार मात्र हुनेछ।"

९. **दफा १७ मा संशोधन:** मूल कार्यविधिको दफा १७ मा देहाय बमोजिमको संशोधन गरिएको छ।

देहाय:

"१७. **खारेजी र बचाउः** (१) यस कार्यविधिको कुनै विषय प्रचलित ऐन नियमसँग बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछ।"